आज मिति २०८१ साल जेष्ठ ३२ (ने.सं. ११४४ तछलाध्व ८ शुक्रबार) गतेका दिन जिल्ला प्रशासन कार्यालयको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री अनिता निरौलाको अध्यक्षतामा विश्व योग दिवस मनाउने सम्बन्धमा देहायका महानुभावहरुको उपस्थितिमा बैठकबसी तपसील बमोजिम निर्णय गरियो।

**उपस्थितः**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अनिता निरौला | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रामेछाप | |
| २. | श्री किसान न्यौपाने | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रामेछाप | |
| ३. | श्री प्रदिप कुमार सिंह | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय,रामेछाप | |
| ४. | श्री सुर्य प्रकाश शर्मा | सशस्त्र प्रहरी नायब उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म रामेछाप | |
| ५. | श्री उमा अधिकारी | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान, जिल्ला कार्यालय | |
| ६. | डिपक कुमार कार्की | ब.कि.नि. | आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र मन्थली | |
| ७. | जगन्नाथ दाहाल | अध्यक्ष | पतंजली योग समिति रामेछाप | |
| ८. | प्रदीप कुमार श्रेष्ठ | अध्यक्ष | मलागिरी विकास केन्द्र रामेछाप | |
| ९. | अनिल घिमिरे | महासचिव | पतञ्जली योग समिति रामेछाप | |
| १०. | रामहरी लुकी | योग प्रशिक्षक | " " | |
| ११. | योगेन्द्र न्यौपाने | योग प्रशिक्षक | " | |
| १२. | कौशल न्यौपाने | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय रामेछाप | |
| १३. | प्रविता पौडेल | शिक्षक श्री मन्थली मा.वि मन्थली | श्री मन्थली मा.वि | |
| १४. | अविता थापा मगर | योग प्रशिक्षक | जीवन विज्ञान रामेछाप | |
| १५. | भरत प्रसाद चतुर्वेदी | शिक्षक | " " | |
| १६. | | | | |
| १७. | | | | |
| १८. | | | | |
| १९. | | | | |
| २०. | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

निर्णयहरुः

१. गृह मन्त्रालयको च.नं. २०१३, मिति २०८१/०२/२८ को पत्रबाट विश्व योग दिवस मनाउने सन्दर्भमा लेखी आए बमोजिम व्यहोरा बैठकमा अवगत गरियो।
२. विश्व योग दिवसको अवसरमा मिति २०८१/०३/०१ देखि सप्ताहव्यापी रुपमा स्थानीय सञ्चार माध्यमहरुबाट योगसँग सम्बन्धित लेख रचनाहरु प्रकाशन गर्ने।
३. नेपाल रेडक्रस सोसाईटी शाखा रामेछाप र रामेछाप JCI को सहयोगमा मिति २०८१/०३/०५ गते बुधबार मन्थली नगरपालिका वडा नं. १ स्थित देवकोटा चोकमा विहान ६:०० बजे देखि ८:०० बजेसम्म रक्तदान कार्यक्रम सञ्चालन गर्ने।
४. योग साधनासँग सम्बन्धित संस्था/व्यक्तिहरुले जिल्लाका विद्यालयहरुसँग समन्वय गरी विश्व योग दिवसको अवसरमा योग अभ्यास र ध्यान सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने।
५. विश्व योग दिवस-२०८१ को अवसरमा मिति २०८१/०३/०७ गते विहान ६:०० बजे मन्थली नगरपालिका वडा नं. १ स्थित मदन आश्रित चोकबाट प्रभातफेरी कार्यक्रमको सुभारम्भ गरी मन्थली बजार परिक्रमा गरी ब्रम्हकुमारी राज योग सेवा केन्द्र मन्थलीको सभाहलमा पुगी शुभकामना आदान प्रदान कार्यक्रम गर्ने।
६. विश्व योग दिवसको अवसरमा विविध कार्यक्रम गरी मनाउन जिल्लास्थित सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने।
७. विश्व योग दिवस २०८१ लाई योग सप्ताहको रुपमा मनाउन कार्यक्रममा गरिमामय उपस्थितिका लागि संघीय माननीय, प्रदेश माननीयहरु, पूर्व माननीयहरु, जिल्ला समन्वय समितिका प्रमुख, नगरपालिकाका प्रमुखहरु, जिल्ला समन्वय समितिका उप-प्रमुख, गाउँपालिकाका अध्यक्षहरु, नगरपालिकाका उप-प्रमुखहरु, गाउँपालिकाका उप-ध्यक्षहरु, राजनीतिक दलका प्रतिनिधिहरु, शिक्षकहरु, वडा अध्यक्षहरु, पत्रकार महासंघका पदाधिकारी तथा पत्रकारहरु, नागरिक समाज, नेपाल बार एशोसियसन रामेछापका पदाधिकारीहरु, उद्योग वाणिज्य संघका पदाधिकारी तथा सम्पूर्ण योग प्रेमी व्यवसायीहरु, गै.स.स. महासंघका पदाधिकारीहरु, सम्पूर्ण जनप्रतिनिधिहरु, कार्यालय प्रमुखहरु तथा सम्पूर्ण कर्मचारीहरु, सुरक्षा निकायका प्रमुखहरु, खेलकुद प्रेमी व्यक्तिहरु र तमाम आदरणीय महानुभावहरुलाई स-प्रेम आमन्त्रण गरी व्यापक सहभागिताका साथ भव्यरुपमा मनाउने।

२०८१/०२/३२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप